सहयोगी कर्मचारीहरु  श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु  श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

शाखा प्रमुख श्री अर्जुन प्रसाद नेपाल शिनपा

शाखा प्रमुख श्री नमनारायाण वेल्वासे स्वास्थ्य शाखा शिनपा

शाखा प्रमुख श्री नगेन्द्र प्रसाद नेपाल शिनपा

**मिति २०७८/३/१० गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. कृषि तथा पशु विकास सहकारीका व्यवस्थापक र कर्मचारी सुविधा सम्बन्धमा ।

२. प्रारम्भिक वाल विकास र का.स.सुविधा सम्बन्धमा ।

३. एकल महिला, एकल पुरुष र "ग" अपाङ्ग लाई भत्ता दिने सम्बन्धमा ।

४. शिक्षक थप गर्ने सम्बन्धमा ।

५. विद्युतिय लिफट खानेपानी योजनाको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।

६. कर्मचारीहरुलाई पर्यटन भत्ता दिने सम्बन्धमा ।

७. एमआईएस अप्रेटर र फिल्ड सहायक कर्मचारीको तलव भत्ता सम्बन्धमा ।

८. आगामी आ.व.को वार्षिक नीति, कार्यकम, आर्थिक विधयक, विनियोजन विधयक, बजेट, योजना तथा कार्यकम सम्बन्धमा ।

९. कर्मचारी व्यवस्थापन (सेवाशर्त सम्बन्धी) विधयक, २०७८ सम्बन्धमा ।

१०. अनुगमन प्रतिवेदन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकामा रहेका कृषि तथा पशु विकास सहकारीलाई थप प्रभावकारी वनाउन उक्त सहकारीका व्यवस्थापक र एक जना कर्मचारीलाई यस नगरपालिकाबाट मासिक रु २०००।- थप सुविधा (पारिश्रमी) उपलब्ध गराउन नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.- २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाका प्रारम्भिक बाल विकास कार्यकर्ताहरुलाई मासिक रु २०००।- पारिश्रमीक थप उपलब्ध गराउने, नगरपालिका बाट थप गरिएका ३ जना र थप हुने ३ जना गरी ६ जना बाल विकास सहयोगि कार्यकर्तालाई मासिक रु १००००।- का दरले पारिश्रमिक उपलब्ध गराउने, रु ६०००।- भन्दा कम पारिश्रमीक भएका विद्यालयका का.स हरुलाई कम्तीमा ६०००।- मासिक पारिश्रमिक उपलब्ध गराउने, अन्य कास तथा विद्यालयका कर्मचारीहरुलाई समेत नेपाल सरकारले अन्य कर्मचारीको

बृद्धी गरेको तलव बृद्धी रु २०००।- बृद्धी नगरेको भए यस नगरपालिकाले बृद्धी गरि उपलब्ध गराउन नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाका नागरिकहरु मध्ये ३५ वर्ष माथिका अविवाहित एकल महिला, ४० वर्ष माथिका एकल पुरुष र "ग" वर्गका अपाङ्ग हरुलाई सहज जिवन यापनको लागि नगरपालिकाले आफ्नो श्रोतबाट रु १०००।- मासिक भत्ता उपलब्ध गराउने निर्णय गरियो । यस्तो भत्ता निबृत्ती भरण तथा अन्य भत्ता प्राप्त गरिरहेका व्यक्तीहरुलाई दोहोरो सुविधा हुने गरी उपलब्ध गराउन नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाबाट तलव भत्ता पाउने गरी नियुक्त भएका कम्प्युटर शिक्षकहरुको सेवालाई निरन्तरता दिने र २० जना भन्दा बढी विद्यार्थि भएका तर शिक्षक एक मात्र भएका विद्यालयहरुलाई नगर शिक्षकको व्यवस्था गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ग्राभिटी खानेपानी प्रणालिबाट सवै नागरिकलाई खानेपानी सुविधा उपलब्ध नहुने भई विद्युतिय लिफ्ट खानेपानी योजनाहरु संचालन भई रहेका र उक्त खानेपानी योजनाहरुको विद्युत महशुल बढीभई जनतालाई मर्का परिरहेकोले खानेपानीमा केही राहत हुने गरी उपभोक्ताले बुझाउनु पर्ने मासिक विद्युत महशुलको ७५ प्रतिशत नगरपालिकाबाट भुक्तानी गर्ने व्यवस्था मिलाउन नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत एमआईएस अपरेटर तथा फिल्ड सहायक कर्मचारीहरुको प्रतिवद्धता बमोजिम एक चौमासिकको तलव भत्ता यस नगरपालिकाले समपुरकको रुपमा व्यहोर्ने व्यवस्थाको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय सरकार तथा प्रदेश सरकारको उदेश्यलाई थप टेवा पुराई आन्तरिक पर्यटन बृद्धी गरी देशको आर्थिक आयमा केही टेवा पुराउने उदेश्यले यस नगरपालिकामा कार्यरत कर्मचारी तथा कार्यपालिकाका पदाधिकारीहरुलाई १० दिनको विदा सहित १५ दिनको तलव/सुविधा बरावरको पर्यटन भत्ता कार्यविधिका आधारमा उपलब्ध गराउन नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति, कार्यक्रम, आर्थिक विधयक, विनियोजन विधयक, बजेट, योजना तथा कार्यक्रम स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न वनेको शितगंगा नगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवाशर्त सम्बन्धी) विधेयक, २०७८ स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको अनुगमन समितिले विभिन्न मितिमा विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गरी पेश गरेका अनुगमन प्रतिवेदनहरु आजको बैठकमा पेश भई छलफल भयो । प्रतिवेदनमा औल्याईएका सुझावहरुलाई कार्यालयले कार्यान्वयन गर्न थप जोड दिन निर्देशन दिने निर्णय गरियो ।

सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

शाखा प्रमुख श्री अर्जुन प्रसाद नेपाल शिनपा

शाखा प्रमुख श्री नमनारायाण वेल्वासे स्वास्थ्य शाखा शिनपा

शाखा प्रमुख श्री नगेन्द्र प्रसाद नेपाल शिनपा

**मिति २०७८/३/९ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. जाँचपाँस तथा फरफारक भएका योजना अनुमोदन सम्बन्धमा ।

२. गाडी खरिद गर्ने सम्बन्धमा ।

३. नीति कार्यक्रम तथा आर्थिक ऐन नगरसभामा पेश गर्ने सम्बन्धमा ।

४. यस कार्यालयको स्वामित्वमा रहेको एक्साभेटर मेशिन सम्बन्धमा ।

५. कोभिड भत्ता सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरपालिकाबाट रकम विनियोजन भई कार्य गरेका योजनाहरु सम्पन्न भई भुक्तानीको लागि पेश भएपश्चात जाँचपाँस तथा फरफारक गर्नको लागि नगरसभाबाट जाँचपाँस तथा फरफारक समिति गठन भएकोमा सो समितिको विभिन्न बैठकबाट जाँचपाँस तथा फरफारक भएका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भौगोलिक रुपमा ठूलो नगरपालिका विभिन्न कार्यको अनुगमन लगायत को कार्यमा नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालयका अन्य कर्मचारीहरु समेत खट्नु पर्नेमा हाल मौजुदा २ वटा गाडी प्रयोगबाट मात्र कठीनाई भई अनुगमन लगायतको कार्यमा प्रभावकारी हुन नसकी रहेकोले १ वटा गाडी आगामी आ.व.को चालु खर्च, कन्टिन्जेन्सी लगायतका बचत हुने जनुसुकै शिर्षकबाट भएपनि खरिद गरी कार्यलाई थप प्रभावकारी बनाउन गाडी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति, कार्यक्रम, आर्थिक ऐन स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको लागि कपिलवस्तु जिससबाट हस्तान्तरण भई आएको ब्रेकर सहितको एक्साभेटर मेशिन भाडामा संचालन गर्ने यस कार्यालय र खेम कन्स्ट्रक्सन विच सम्झौता भई सम्झौता बमोजिम फिर्ता गर्ने समय समाप्त हुँदा समेत बिग्रेको मेशिन लकडाउनका कारण मर्मत गर्न नसकी फिर्ता नभएको अवस्थामा मिति २०७८/२/२४ गते राती अज्ञात समुहबाट मेशिनमा आगजनी भई मिति २०७८/३/१ गतेको नगरकार्यपालको बैठकबाट नगर उप-प्रमुखको संयोजकत्वमा अनुगमन गरी प्रतिवेदन पेश गर्न समिति गठन भएकोमा समितिले पेश गरेको प्रतिवेदन बैठकमा छलफल भयो । सम्झौता बमोजिम बुझाउन बाँकी किस्ता रकम रु ६०००००।- रहेकोमा पूर्व कार्यपालिकाको बैठकको निर्णय बमोजिम बैक जमानत बापत रहेको पुरै रकम रु ९०००००।- नै उपलब्ध गराई दिन बैकलाई पत्राचार गरिएकोमा सो बमोजिम पुरै रकम प्राप्त हुँदा सम्झौता भन्दा रु ३०००००।- बढी रकम प्राप्त हुने अवस्था रहेको छ । अध्ययन प्रतिवेदन तथा सम्झौताको शर्त बमोजिम कानुनी प्रकृया अगाडी बढाउने र कानुनी निंक्योलपछी उक्त बढी प्राप्त हुने रकम रु ३०००००।- फिर्ता गर्ने वा नगर्ने भन्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने निर्णय गरियो

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विश्वव्यपी महामारीको रुपमा फैलिएको कोभिड १९ रोकथाम तथा उपचारमा खटिने निम्न बमोजिमका स्वास्थ्य कर्मी, सरसफाई कर्मी तथा एम्बुलेन्स चालकलाई निम्न बमोजिम जोखिम भत्ता २०७८ साल आषाढ मसान्त सम्मका लागि उपलब्ध गराउने निर्णय गरियो ।

(क) आइसोलेसन कक्ष र आरटी, पिसिआर, एन्टिजेन्ट परिक्षणमा खटिने कर्मचारीलाई मासिक तलव स्केलको ७५ प्रतिशत ।

(ख) सवै स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य कर्मी, सरसफाई कर्मी र एम्बुलेन्स चालकलाई मासिक तलव स्केलको ५० प्रतिशत ।

(ग) सवै आधारभुत स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्य कर्मी, सरसफाई कर्मी र एम्बुलेन्स चालकलाई मासिक तलव स्केलको २५ प्रतिशत ।